# गुरुङ बुद्धिजम

## भागः १
## ३. गुरुङको परम्परागत सामाजिक मुल्य र मान्यताहरुः

### १. परम्परागत सामाजिक मुल्य र मान्यताः

नेपालको गुरुङहरुको माउ संस्था 'तमू ह्युल छौंजधीँ' गुरुङ राष्ट्रिय परिषद, केन्द्रीय कार्यलय काठमाडौंले मिति २०७७ साल असार १३ गते, जून २७, २०२० शनिबारको दिन साँझ ६ देखि ८ बजेसम्म सञ्चालन गरेको गुरुङ समुदायमा 'खेगी, पैडी र चोगी'को महत्व र भूमिका बिषयमा 'जूम तमू सम्वाद' सातौं श्रृंखलामा, श्रोत व्यक्तिको रुपमा गुरुङ जातिको जिउदो सम्पदा वरिष्ट संस्कृतिविद एवं नेपाल प्रज्ञा प्रतिष्ठानको उपकुलपति प्राज्ञ डा. जगमान गुरुङले गर्नु भएको प्रवचन वा सम्वादको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ। यही हो गुरुङको परम्परागत सामाजिक मुल्य र मान्यताहरु।

आजको यस कार्यक्रममा सहभागी हुनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरु, आयोजक 'तमू ह्युल

छोँजधीँ' र सहज कर्त्तालाई हार्दिक छ्याजलो अर्पण गर्दछु । गुरुङ समुदायको खेगी, पैडी र चोगी यो तीनवटा विषय बस्तुमा केन्द्रीत रहेर आफ्नो अभिव्यक्ति राख्ने छु । यो अभिब्यक्ति गुरुङको परम्परागत सामाजिक मुल्य र मान्यतामा आधारित हुनेछ ।

सवभन्दा पहिले (खेगी) । यो खेगी भन्ने शब्द गुरुङ भाषा हो । खेगी भनेको पुरेत वा पुरोहित हो । तर, गुरुङ भाषामा उप्रेत भन्दछ । गुरुङको परम्परागत खेगीहरु पच्यु, ख्लेप्रँ र लम गरी तीन थरीका छन् ।

विषय र प्रसंगले अर्को अर्थ नलागेमा पच्युलाई कताकति झाँक्री पनि भन्दछन् । तर, हेर हेर भनेर देउ बस्ने झाँक्री होइन । हाम्रो (पच्यु) भनेको वेद (प्ये) पढेर पितृकार्य गर्ने मौलिक पच्यु हो ।

## २. पच्यु खेगी (उप्रेत):

अहिले बोलिचालिको भाषामा पच्यु भने तापनि प्राचिन वेदको भाषामा पच्युलाई (नम) भन्दछ । अहिले बिभिन्न थरका गुरुङहरुले पनि पच्यु पढेको पाइन्छ । तर, सृष्टिको पच्यु नम केतु र नम त्हय । नम केतु भनेको ल्हेगे पच्यु र नम त्हय भनेको क्रोम्चै पच्यु हुन् । अहिले पच्युहरुले पढने त्होँदमा, पार्चे ल्हेँगे ठ्हो भनेर पच्यु ख्लेपृले पढछन् । ल्हेँगेको न्हेँस भनेकै पार्चे हो । पार्चे ल्हेँगेइ चुँजी भनेको छ । चुँजी भनेको प्रथम स्थापना भनेको हो ।

ल्हेँगेमा पनि तार्कु र म्लोकु भन्ने दुइ थरी छन् । तार्कुले पच्यु काम गर्दैन । भैसीको मासु खान्छ । म्लोखुले पच्युको काम गर्छ र भैसीको मासु खादैन । यसरी, कास्कीको पार्चेबाट ल्हेगे पच्युहरु साखाबन्दी भएको हो । क्रोम्चैहरु चाहि जुनजुन ठाउँमा गएर बसे, त्यही ठाउँको नाउँमा उपथर हुदै गएको छ । मैले अस्थिनै पनि भनेको थिए, मेरो गाउँ कास्की जिल्ला, मादी गाउँ पालिका वडा नं २ याङजाकोटमा क्रोँये क्योतर क्रोँम्चे ठ्हु भन्ने ठाउँ छ । अधि त्यहाँ क्रोम्चैको ६ भइ छोराहरु भए । त्यहाँबाट पूर्व दक्षिणतिर नाँदा भन्ने डाँडा छ । नाँदामा गएर बसेकाहरु नाँदा क्रोँम्चै भए । उता पाँचगाउँ को कोम्रोलाई घाम्रङ भन्दछ । त्यहाँ गएर बसेकाहरुलाई कोम्रो क्रोँम्चै भने । अनि, क्रोँम्चे ट्हुबाट कान्छो छोरा कास्कीको नम्चु डाँडामा गएर बस्ति बसाले । नमले बस्ति बसालेको हुनाले सो ठाउँ नमचुँ भनिए । त्यो ठाउँ ताङतिङ गाउँबाट माथिल्लो डाँडामा छ ।

अहिले, पच्युहरुको गुरुघर (फलिप्रो म्हारसोँ) भनेको छ । पच्यु भनेको हिमाली क्षेत्रको रैथाने उप्रेत हो । यसमा कुनै कृत्रिमता छैन । जस्तैः ख्लेपृ र लमले (उग्र्यान) लगाए । त्यो त मानिसले बनाएको कृत्रिम हो । तर, पच्युले यहाँको प्राकृतिले दिएको मौलिकता आँगालेको छ । पच्युको साजबाज के हुन्छ भने, ह्रगै, ह्राल्बो र तेँ भन्ने हुन्छ । ख्लेपृ र लमले जस्तोरी जामा लाउदैन । आफ्नै साबिकको पोशकमा ठुलठुलो कर्मकाण्डहरु गर्दा, (घलेग) लाउछन् ।

हाम्रो दिदीबहिनीहरुले घलेग लाउदखेरी, बाँया काँधमा गाँठो अड्याएर दाँयातिर फेर छोड्छन् । तर, पच्युले दाँया काँधमा गाँठो अड्याएर बाँयातिर फेर छोड्छन् । पच्युले लाउदखेरि (घलेग) माथि बिभिन्न प्रकारका घन्टिहरु झुन्डाएर एउटा पेटी बाँधेको हुन्छ । पच्युको ह्वाल्पो भनेको जटा हो । यो प्राकृतिक हो ।

अब, त्येसमा चाहि भेडाको उनको लट्टालट्टा जस्तो बनाएको हुन्छ । टाउकोमा एउटा चुच्चे टोपि लाउछ । त्यो मुकुटको प्रतिक हो । मुकुट सहितको ह्वाल्बो अर्थात जटा । यसलाई तिब्बती भाषामा पनि ह्वाल्पा भन्दछन् । अनि, तैँ भनेको कल्कि हो । भनाइको अर्थ, हिमाली क्षेत्रमा सवभन्दा माथि डाफेको बास हुन्छ । त्यस पछि मुनाल हुन्छ । हुन त, हिमालमा सेतो पखेँटा भएको गिद्ध जत्रो चरा हुन्छ भन्ने भनाइ छ । तर, हिमाली क्षेत्रमा सवभन्दा माथि डाँफे हुन्छ । यसलाई गुरुङ भाषामा (नक्दो) भन्दछ । डाँफेको भालेको प्वाख चाहि दाँयातिर र पोथीको बाँयातिर सिउरिन्छ । बिज्ञानसम्मत नेगेटिभ र पोजेटिभ मिलाउनु पर्छ । तैँ भनेको कल्कि हो । अब त्यसमा कौडीहरु झुन्डाउने, बँदेलको दारन, बागको दारा, खास गरी कस्तुरीको दारा चाँहि बिपरित दिशा पारेर दुबै कन्चट माथि ट्याक्क पर्ने गरी झुन्डाइन्छ । यसलाई गुरुङ भाषामा (बाना) भनिन्छ ।

गुरुङ भाषामा चैगी भनेको खोट सल्लो हो । त्यसको घेरा बनाउने । घोरलको छालाको ढ्याङ्ग्रो बनाउने ।

बेतको तन्नाले मोर्ने । कुकुर डाइनाको गजले बजाउने । यो पच्युको ढ्याङग्रो एक पाटे अलि सानो हुन्छ । तर, ख्लेपृको ढ्याङ्ग्रो पनि एक पाटे अलि ठुलो हुन्छ । पहिले सानोको अबिस्कार भए पछि अलि ठुलो पनि भएको छ । अहिले हाम्रो कास्कीको ताङतिङ, सिक्लेतिर (छ्याँङु) भन्छन् । लमजुङतिर (स्यर्ग) भन्छन् । यो छ्याँङु र स्यर्ग नाच्ने त्हउदु अलि ठुलो हुन्छ ।

पच्युको त्हउदु सानो हुन्छ । खरी पनि हालेको हुदैन । किनभने, मुजुरा र खरी हाल्ने काम त पछि मात्र बिकास भएको हो । यस अर्थमा हेर्दा पच्युको त्हउदु आदिम भएको देखिन्छ । हुन त अहिले भन्न हुदैन व्यथा साह्रो छ । गाउँबाट पच्युको त्हउदु बोकेर आउन अल्छि लाग्यो । बजारतिर कै छ्याँङु नाच्ने त्हउदु बजाएर कर्मकाण्ड गर्न थाले । बास्तवमा पुरानै त्हउदु बजाउने पच्युहरु यहाँको रैथाने र मौलिक खेगीहरु हुन् ।

## ३. ख्लेप्रँ खेगी (उप्रेत):

गुरुङ भाषामा ख्लेपृ, ध्यापृ, क्लेपृ, ल्हौरी आदि आदि भन्दछन् । अहिले बिभिन्न थरका गुरुङहरुले पनि (ख्लेपृ) पढेका छन् । ख्लेपृको पनि दुइवटा हाँगाहरु छन् । स्युरु फ्है र पुरु फ्है । स्युरु फ्है टु ख्लेपृ र पुरु फ्है म्होछै ख्लेपृ हुन् । अगे म्हिङमरखेको लोबरप्रे भनेको, आठ जना शिक्षाहरु थिए भनेको हो । सबैले पढि सके पछि एक

एकवटा डाँडा समातेर गए । यसरी अलग अलग डाँडामा याजमानी गरेकाले प्येमा पनि धेरथोर फरक देखिन थाले । त्यसमा म्होछैको खे अतरसिँ खे चाहि योजा हो । योजको अतरसिँ खेले ख्लेपृ पढेको रहेछ । त्यो अतरसिँ खे चाहि म्हिङमर खेसंग धेरै समयसम्म बस्यो रे भन्ने तोता स्योताँ यस्तो छ । खेलोँ योजाये ठ्हो । अर्थात योजाको न्हेँज खेलोँ हो । म्होछै ख्लेपृहरुको गढ (योजक्वेँ) याङजाकोट हो ।

अब, टु ख्लेपृले पढने प्ये पनि त्यही हो । म्होछै ख्लेपृहरुले पढने प्ये पनि त्यही हो । तर, टु ख्लेपृ र म्होछै ख्लेपृको भाषा फरक छ । हामी राम्रोसंग गुरुङ भाषा जानेको भए पनि टु ख्लेपृले पढेको भाषा बुझ्न कठिन हुन्छ । तर, म्होछै ख्लेपृले पढेको भाषा पचास प्रतिशतसम्म बुझ्न सकिन्छ । किनभने म्होछै ख्लेपृको पढने बोचालि-को भाषामा नजिकको सम्बन्ध छ । किन यसरी भेद भयो त भन्दा, टु ख्लेपृ चोँ खेब । चोँ भनेको उपल्लो भाषा हो । लोँ भनेको तल्लो भाषा भएकोले फरक देखिएको हो । म्होछैको धेरै कुरा बुझिन्छ ।

अब यहाँनिर हामीहरुले बुझ्नु पर्ने कुरा के छ भने, गुरुङ सांस्कृतिको दुइवटा नालहरु छन् । एउटा मर्स्याङदी र आर्को मादी । मर्स्याङदीको सांस्कृतिक केन्द्र (पोँजोकोँ) हो । यो स्थान लमजुङ घलेगाउँ र नाँयु गाउँकोबीच भागमा जहाँ घले राजाको राजधानी थियो, त्यसलाई भन्दछ । मादी नदीको सांस्कृतिक केन्द्र भनेको चिली हो । गुरुङ भाषामा पोँजोये प्ये, चिलीये प्ये भन्दछन् । यता

चेली सिक्लेसतिर, टु ख्लेपृको स्युरीतुँ क्वेबु, फलिम क्वेबु । स्युरीतुँमा पनि र खोकेमा पनि क्वेबु रहेछ । अहिले चेली सिक्लेसतिरको टु ख्लेपृहरु सबैको स्युरितुँ क्वेबु भन्दछन् । उता लमजुङतिर गए पछि एउटा १२ र एउटा २७ रहेका छन् । त्यसपछि लमजुङको पसगाउँदेखि उत्तरपूर्व दिशातिर तौँबु भन्ने गाउँ छ । त्यहाँबाट उता गए पछि पुरानकोट र गोर्खाको सिरान चोकमा को ख्लेपृहरुको बर्चस्व रहेको पाइन्छ । यहाँहरुले अध्ययन भ्रमण पनि गर्न सक्नु हुन्छ ।

त्यतातिर कोख्लेपृलाई कोके भन्दछन् । तनहुँतिर प्रुख्लेपृ भन्नेहरु पनि रहेछन् । प्रुख्लेपृहरुले आफुलाई नेपालीमा पुलामी भन्दछन् । अब, प्रुख्लेपृहरुले कर्मकाण्ड-हरु गर्दा, पच्यु चाहिदैन भन्छन् । पच्यु बिना पनि कर्म-काण्ड गर्दछन् । तपाइँहरुलाई थाहानै भएको कुरा हो कि हाम्रो 'तमू ह्युल छोँजधीँ'को सम्पर्कमा रहेको तनहुँ जिल्लाको राम गुरुङ प्रुख्लेपृ हो । को, टु, म्होछै सबै ख्लेपृहरुलाई संस्कारिक कर्मकाण्ड गर्दा पच्यु चाहिन्छ । नभइ हुँदैन भन्छन् । तर, प्रुख्लेपृलाई नचाहिदो रहेछ । किनभने, यो कुरा आ-आफ्नो कुल परम्परा र यजमानमा चलेको चलन चल्ति अनुसार चल्दै आएको देखिन्छ ।

## ४. खेगी (लम वा लामा):

अब लम वा लामाको कुरा गर्दा, अहिले लामा विद्या त सार्वजनिक भएको छ । जुनसुकै थरकोले पनि पढन र

सिक्न सकिन्छ । त्यसकारण, अब हामीहरुले थरी लम र पढि लम वा लामा के हो भनेर चिन्नु पर्छ । तामाङ र ह्योल्मोमा पनि थरी लामा र पढि लामा भन्ने हुन्छन् ।

नम केतु, नम त्हये ल्हेगे पच्यु, क्रोम्छै, म्होछै ख्लेपृ भने जस्तै, अघिको लमचुँ न्हैंज भएको क्ह्रोंगी-फिब्रोंठ्हगी, म्हिगी र पैगीहरु थरी लमा हुन् । अब, हामीले बुझ्नु पर्ने कुरा के छ भने, लमचुँ न्हैंस भनेको कहाँ छ त ? भनेर भन्दा, उहिलेको घले राजाको राजधानी घले गाउँ । अहिले लमजुङको घले गाउँ आन्तरिक पर्यटनको लागि चर्चित गाउँ मानिन्छ । त्यहाँदेखि उत्तरपट्टिको डाँडामा नायुँ गाउँ । नायुँदेखि माथिल्लो थुम्कोमा तल्लो घनपोखरा । तल्लो घनपोखरादेखि माथिल्लो थुम्कामा उपल्लो घनपोखरा छ । गुरुङ भाषामा तल्लो र माथिल्लो घनपोखरालाई ख्होयेम्रों र कदलें भन्दछ । उपल्लो घनपोखरादेखि माथि एउटा थुम्को छ । त्यसलाई गुरुङहरुले (लमफुलच्ह्रो) भन्दछ ।

लमजुङतिरको पच्युहरुले पढने प्येलाई बराले प्ये भन्दोरहेछ । त्यसमा के भन्दछ भने, फुलच्ह्रो लमइ (चुँजि) भन्छन् । लमको जिज्युले आवाद गर्यो भनेको छ । यसरी, लमचुँबाट लमजुँ र लमजुँबाट लमजुङ जिल्लाको नामाकरण भएको हो । केही मानिसहरुले लामो जुंगा पाल्ने मानिसहरु भएकोले लमजुङ भएको पनि भनिन्छ । तर, यो भनाइ चाहि सत्य होइन ।

लमहरुको जतिसुकै थरी भए पनि ती सबै थरी लमहरु लमचुँबाटै शाखाबन्दि हुँदै गएका हुन् । त्यसमा जेठो

क्ह्लोँगीलमको (न्हेँस) कास्की, सिकलेस हो । फिब्रोठ्हगी लमको (न्हेँस) लमजुङ, फिब्रो हो । क्ह्लोँगी र फिब्रोठ्हगीहरु जेठोको खलक भएता पनि अलग अलग स्थानमा बसोबास गरेको हुनाले (न्हेँस) अलग हुन गएको हो । माइला म्हिगी लमको पनि बसाइ दुइ ठाउँमा भएकोले (न्हेँस) पनि कोसै र नल्वे, कास्की हुन् । कान्छा पैगीलमको (न्हेँस) नमचुँ, कास्की हो । यस बाहेक अन्य थरी लमहरुमा तोला, छ्योलेँ, तितु, क्युबी, बैदी, नौचैँ, हुर्दु आदि पनि छन् । उनीहरुको नालिबेलीहरु अध्ययन हुँदै छन् ।

लमजुङको मर्स्याङदी नालमा त्होर्जे फुर्ब (हिदम) मान्ने पनि छन् । त्होर्जे फुर्ब हिदम भनेको तिब्बतको अति प्राचिन हिदम हो । गुरुरिन्पोछे पद्मसंभवले पनि साधना गर्ने हिदम हो । पूर्वि लमजुङको बारथरतिरका छतरी टोपि लगाएर नाच्ने लमहरु सबैले त्होर्जे फुर्ब हिदम मान्दछन् । यता मादी खोलाको नाल सिक्लेस र याङजाकोटतिर आए पछि महाकाललाई हिदम मान्दछन् । त्येस मध्येमा पनि पलयेशे गोन्पो छ्याक्सिपा, श्रीज्ञान चर्तुबहु महाकाल धेरै शक्तिशाली भएकाले तिब्बतमा पलयेशे गोन्पो छ्याक्सिपा-लाई पनि हिदम मान्ने एउटा सम्प्रदायको बिकास भयो । त्यसकारण, मादी खोलाको आसपासका लमहरुले महा-काललाईनै आफ्नो हिदम मान्दछन् । यसपछि आर्को गुरुङ लमहरुको बारेमा भन्नु पर्दा, अहिले मैले पुरानो कुरा गरिरहेको छु । यसमा के छ भने, (पल्देन ल्हमु) फुलब दे (महाकाल) फुलब लम भन्ने चलन रहेको छ । महाकाल

फुलब भनेको चाँहि महाकाललाई हिदम मान्ने हो । र पल्देन फुलब भनेको पल्देन ल्हमु हिदम मान्ने हो । पल्देन भनेको श्रीदेवी हो । गुरुङ लमहरुमा दुइ थरी हिदम मान्नेहरु छन् । अब यसमा चाँहि यो गुरुङ लमहरुको पहिचान के हो त भने, (खोँक्यए वा पोँङ्ब) संस्कृतमा विश्वस्त्र विस्तुति भने जस्तै तिब्बतीमा मोलम भने जस्तै, (खोँ) भनेको मन र (क्यए) भनेको सृष्टि हो । अर्थात संक्षेपमा श्रुतिवेद भनिन्छ ।

साबिकमा पच्यु ख्लेपृले जस्तै मुखाकर (खोँक्यए) पढने गुरुङ लमहरुको मौलिक पहिचान हो । उहिलेको समयमा अहिलेको जस्तो कङग्यु, तेङग्युर, दोमाङ र प्रज्ञापारमिता-को ठेली कहाँ पाउने त्यस बेला ? पुरानो लमहरुले कर्मकाण्ड गर्दा पढने शास्त्रलाई (पएक्ष्योए र त्हेँक्ष्योए) भन्दथे । पएक्ष्योए भनेको आर्गु गर्दा पढने वेद र त्हेँक्ष्योए भनेको पूजाअजा र पैलु गर्दा पढने वेद हो । त्हेँक्ष्योए चाँहि नार गुम्बाबाट ल्याएको ञिङम परम्पराको ठेली हो । जसमा पल येशे गोम्पो छ्याक्सिपा श्री ज्ञान चर्तुबहु महाकालको पूजा गर्ने हो । पएक्ष्योए भनेको ख्होल-सोँ-थरमा आएर बिकास भएको हो ।

अब हाम्रो तोताँ स्योताँ, स्रुति परम्परामा मन्यता के छ भने, ख्होलामा टु ख्लेपृको खे ओनरे ख्लेपृ र लमका पुर्खा ख्होइडु लमबीच यजमानीको सवालमा सहकार्य भयो । यस अर्थमा भन्नु पर्दा, ख्लेपृको प्रभाव लममा र लमको प्रभाव ख्लेपृमा रहेको अनुभव गर्न सकिन्छ । किनभने लम

र ख्लेपृको (उग्र्यान वा ह्विङ) मुकुट एउटै हुन्छ ।

यसरी ख्होइडु लमले तिब्बती लामा धर्मलाई अध्ययन गरी आफ्नोपनमा ढालेर कसरी संस्कार गरेका छन् त ? त्यसलाई राम्रोरी बुझे पछि मात्र गुरुङ बुद्धिजम भनेको के हो भन्ने बारेमा राम्रोरी जानकारी हुन्छ ।

तिब्बती बुद्ध धर्म अनुसार लामा गुरुहरुले गर्ने कर्मकाण्डहरुलाई हुबहु सर्लक्क अपनायो भने, त्यो गुरुङ बुद्धिजम हुदैन । तर, तिब्बती बुद्धिजमलाई राम्ररी बुझेर गुरुङको मौलिक संस्कार अनुसार गरिने कर्मकाण्डलाई गुरुङ बुद्धिजम भनिन्छ । गुरुङको सामाजिक सभ्यताको केन्द्र भनेर चिनिने ख्होला-सोँप्रे-ठ्होमा यही संस्कारको बिकास भएको थियो । त्यही अनुसार हाम्रो समुदायमा चल्दै आयो । चल्दै आइरहेको छ । चल्दै पनि जानेछ ।

त्यसकारण पएक्ष्योए त्हेँक्ष्योएको सवालमा अहिले पनि पच्यु र ख्लेपृले पुकार्ने क्रममा, ख्होइडु लम भालाछे भनि ख्होइडु लमको पनि जय पुकारेको हुन्छ । त्यसकारणले, कतिपय ख्लेपृको राम्रो प्रभाव लममा परेको छ । लमको राम्रो प्रभाव ख्लेपृमा परेको छ ।

यसबाट के कुरा बुझ्नु पर्छ भने, ख्लेपृ र लमको बीचमा समन्वय भएको पाइन्छ । यो पुरानो कुरा हो । अब यसमा कुरा के हुन्छ त भने, पच्यु, ख्लेपृ, लम, लामाको बारेमा बास्तवमा भन्ने हो भने, थरी लमहरुको मात्र उप्रेत लम हो । अरु सम्पूर्ण गुरुङहरुको उप्रेत चाँहि ख्लेपृ हो । घले, घोताने, लमछाने र सबै कुगीहरुको उप्रेत ख्लेपृ नै

हो । गाउँको भूमि पूजाको पुजारी पनि ख्लेपृनै हो ।

यो कुरा हामीले राम्ररी बुझ्नु पर्छ । जस्तैः म लम हुँ । लममा पनि जेठो घरानाको क्ह्लोँगीलामा हो । छ गाउँ याङजकोटको मिर उमराको वंशज हुँ । धर्म गद्धीमा बसे पछि धर्म छाडन हुँदैन । अहिलेको बिकसित भाषामा प्राज्ञ भन्दछ । त्यही प्राज्ञलाई गुरुङ भाषामा चोग भन्दछ । प्राज्ञले जस्ताको तस्तै भन्न सक्नु पर्छ । त्यही कुरा मैले भनेको हुँ । अन्यथा नलिनु होला ।

## ५. पैडी (ज्योतिषी):

यस पछि आयो पैडी । जसरी पढेलेखेका बिद्धान-हरुलाई मात्र पण्डित भन्छन् । हाम्रो गाउँ घरको बाहुन-हरुले पनि पण्डित नभनि पडित भन्छन् । कछाडतिरका गुरुङहरुले पनि पडित भन्दछन् । लेकाली गुरुङहरुले त्यसैलाई (पैडी) भन्दछन् । (पैडी) भनेको पडित र पडित भनेको पण्डित हो । तर, यो पण्डित चाँहि चौकामा बसेर भगवत गीता बाचन गर्ने पण्डित होइन । पैडी भनेको ज्योतिषी र ज्योतिषीलाई पैडी भन्दछन् । यही पैडीबाट गुरुङ समाजमा हिन्दु संस्कृति भित्रिएको छ ।

अब, पैडीको योग्यता के त भन्दा, देवनागरी लिपिमा लेखपढ गर्न जान्ने, हिन्दुहरुको ज्योतिष शास्त्र, तन्त्र र मन्त्र शास्त्र जान्ने, बिभिन्न जात वंशको नालिबेली र वंशवली जान्ने । बिभिन्न राजवंशको वंशावली जान्ने ।

आवश्यक कुराहरु लेखेर सुरक्षित राख्न सक्ने । सत्य, द्वापर र कलीको बिशेषता जान्न र बुझ्न सक्ने । चार युगको लक्षण जान्नेलाई गुरुङ समुदायमा पैडी भन्दछ ।

यस बाहेक पैडी भनेको दिनये (ख्ले) अर्थात साइत हेर्ने हो । गाउँलेको लागि पनि साइत हेर्ने । बालक जन्मियो भने, चिना टिप्पनी बनाइ नाम जुराउने । चुडा कर्म, क्षेवर, पुटपुटे, गुन्यूचोली, बिबाहको दिन हेर्ने । लग्न जुराउने, उभौली र उद्यौली गोठ सर्नका लागि साइत हेर्ने । त्यो सम्पूर्ण कार्यका लागि दिन हेर्ने दायित्व रहेको हुन्छ । कुनैकुनै गाउँमा त एउटा थरलाईनै सुम्पेको हुन्छ । जस्तै, ताङतिङमा (पैडीमै ठ्हो) पण्डित टोल भन्ने छ । पूर्व माननीय नन्दजंङ गुरुङ, युकेमा हुनुहुन्थ्यो अहिले बित्नु भयो । उनले पैडीको काम गर्नु भएको थियो । अहिले उनको शेष पछि मास्टर जस बहादुर गुरुङले पैडीको कार्यभार धानेका छन् । गुरुङको चलन अनुसार पैडीहरु दिनये ख्ले, खेगीहरु हेँदोये ख्ले (यजमान) । अहिलेको नयाँ लामाहरुले त यजमानलाई पो च्हिन्दा भन्दछन् । दातालाई च्हिन्दा र यजमानलाई हिन्दा भन्दछन् ।

## ६. चोगी वा म्हिक्रेँचोगः

यसैगरी, चोग, चोगी वा म्हिक्रेँ चोगहरु (सये ख्ले, त्होये ख्ले) हो भनि बुझ्नु पर्दछ । चोगी भनेको म्हिक्रेँचोगको छोटो रुप हो । जस्तैः म्हि भनेको मानिस र

क्रैँ भनेको भारदार अर्थात भद्रभलादमी हो । चोग भनेको खेगी, पैडी, गुरुङको संस्कार र संस्कृति जान्ने मानिस भन्ने अर्थ हुन्छ । म्हिक्रैँचोगको योग्यता के त भन्दा, पच्युको वेद र मौलिक संस्कार के हो ? ख्लेपृको वेद र संस्कार के हो ? लमको वेद र संस्कार के हो ? कुन बेलामा कस्ले कस्तो संस्कार र कर्मकाण्ड गर्नु पर्ने हो भन्ने बारेमा सम्पूर्ण जानकारी राख्न सक्नु पर्छ ।

यसैगरी गाउँमा जोगी आए, जोगीसंग मिलेर कुरा गर्न सक्नु पर्छ । बाहुन आए, बाहुनसंग कुरा गर्न जान्न र सक्नु पर्छ । कर्मचारी आए पाँच भाग ऐनको व्याख्या गर्न सक्नु पर्यो । खर्क, खर्चरी, मोहा भीर, साँद, सिमाना, डाँफे चरण, माछ्रा चरणको बारेमा जान्नु पर्यो । राज मामला जान्नु पर्यो । उनले एउटा संरक्षकको दायित्व बहन गर्न सक्नु पर्छ । म्हिक्रैँचोग कस्तो हुनु पर्छ रे भने, (म्रुँदि फोँलखाँब, म्हैदि छैलखाँब) । अर्थात म्रुँ भनेको राजासंग प्रतिवाद गर्न सक्ने र म्है भनेको खससंग जिकिर गर्न सक्ने यस्तो दायित्व रहन्छ ।

अब एउटा हाँसोको कुरा गरौं । गाउँ घरमा वारी डाँडा पारि डाँडाका ठिटा तन्नेरीहरुमा लसपस भयो । त्यस पछि जारी डाण्डा तिर्नु पर्ने भए पछि, आफ्नो पक्षका केटाहरुको बिराम भए पनि होइन भन्ने पार्छन् । पार्न सकेन भने पनि धेरैको थोरेमा मिलाउन सक्छन् । तर, आफ्नो चेलीबेटीको हक अधिकार भने पूर्ण रुपमा उठाउन सक्ने हुन्छन् । म्हिक्रैँचोगको दायित्व यस्तो हुन्थ्यो ।

उहिले चोगको खटनमा पैडीले दिन हेर्ने, म्हिक्रैँचोगीले कर्मकाण्डको लागि व्यस्थापन गराउने, अह्राउने पराउने कार्य हुन्थ्यो । गाउँ र ठाउँको चलन अनुसार काम गरिन्थ्यो । तर, अहिले त गाउँ घरमा यस्तो रीतभाद र संस्कार जान्ने म्हिक्रैँचोगी पनि छैन । त्यसैले, पच्युले जे भन्यो त्यही ठिक । ख्लेपृले जे भन्यो त्यही ठिक । लमले जे भन्यो त्यही ठिक । जसोजसो बाहुन बाजे उसै उसै स्वाहा । हाम्रो सामाजिक संस्कार, संस्कृत र बिकृत रुपमा यसरीनै चलि आएको छ । यो कुरा सत्य हो ।

उता लमजुङ दसथरतिरको संस्कारमा केही फरक छन् । जस्तैः पच्युले र ख्लेपृले आर्गु थाल्नु भन्दा पहिले, गुन्द्री र काम्लो ओक्ष्याएर म्हिक्रैँचोगलाई त्यहाँ उच्च सम्मान दिन्छ । उनको आज्ञा अनुसार मात्र काम गर्ने मान्यता रहेको छ । तपाइँहरु थलगत निरीक्षणमा जानु होस् त ? त्यहाँ तपाइँहरुले, म्हिक्रैँचोगको मौलिक मुल्य र मान्यतालाई नजिकबाट हेर्न र बुझ्न सक्नु हुन्छ । यसरी, म्हिक्रैँचोगको खटन पटनमा खेगी, पैडी र गाउँ गैह्रा सबै चल्नु पर्ने हुन्छ । तर, यहाँनिर अलिकति नमिठो कुरा छ । यो कुरा मैले नचहद नचहदै पनि भन्नु परेको छ । किनभने, उहिले यस्तो रहेछ है, हाम्रो बाउ बाजेको पालामा भन्ने कुरा बुझ्नु पर्छ । अहिलेको युगमा महिला शसक्तिकरणको कुरा आएको छ । महिला दिदी बहिनीहरुलाई पेच पर्ला कि ? तर, कुनै बेला (न्हामस्यो न्होर, पोडेतुँये न्होर) अर्थात बादलको मुन्तिर र लालिगुराँसको फेदमा, त्यो जंगली

अवस्थामा, महिलालाई संरक्षण गर्ने त पुरुषले नै हो नि ? भन्दाखेरि, (म्ह्युँइ अकुँब रीँई) माइतिले तह नलगाएको चेली ठाडो वा छाडा हुन्छ रे । (ख्होरइ अकुँब क्ल्या) हलोले नदाएको गोरु पनि छाडा हुन्छ । (म्हिक्रैँचोगइ अकुँब खेगी) भद्रभलामीले तह नलगाएको उप्रेत पनि ठाडे हुन्छ, भन्छन् । यो हाम्रो पुरानो कथनमा चलि आएको (तोताँ स्योताँ) हो । मैले यसैलाई भनेको हुँ ।

मैले कसैलाई घोचपेच गर्न यो कुरा भनेको होइन । तर, हाम्रो खेगी, पैडी र चोगीको बारेमा कुरा गर्दा, हाम्रो गुरुङको (तोताँ स्योताँ) पुरानो कथनलाई जस्ताको तस्तै भन्न सक्नु पर्छ । यही कुरा मैले भनेको हुँ ।

मैले हामी गुरुङहरुको बारेमा बारम्बार भन्दै आएको छु, कि हामीहरु आदिवासीमा पनि गणजाति हो । किनभने, कुनै पनि सभा समरोह वा कचहरी हुँदा, त्यहाँ गणपुरक संख्या हुनु पर्छ । अर्थात सम्पूर्ण गाउँ गैह्राको उपस्थिति हुनु आवश्यक हुन्छ ।

चोगीले गणपुरकको दायित्व निभएको हुन्छ । जस्तै आर्गुको दिन हेर्न पर्यो भने, पैडीको कुरा आउछ । तर, उनले म जान्ने पैडी हुँ भनेर यो दिनमा यसो गर्नु, उसो गर्नु भनेर खटन पटन गर्न पाउदैन । जस्तो कि, कुनै गाउँमा चार पाँचवटा टोल हुन्छन् । एउटै टोलमा पनि दुइ तीनवटा मुखियाहरु हुन्छन् । तालुकदार मुखियाको झुत्तामा रहेको हुन्छ । त्यसैले कुनै लिखत लेख्न पर्यो भने, फलन जिमुको झुत्ता भित्रको फलन भनि लेखिन्छ ।

जस्तैः त्यो झुत्ता भित्र आर्गु वा बिबाह गर्दा, दिन हेराउनु पर्यो भने, त्यो भुत्ता भित्रको घरै पिच्छे एकएक जना मानिस उपस्थित हुनु पर्छ ।

यसरी उपस्थित भए पछि त्यो गणपुरक संख्या भयो । म्हिक्रौंचोग पनि बसेको छ । पैडीले पनि दिन हेराइ सके पछि फलन दिनमा यसोउसो गर्नु भनेर भन्न मिल्दैन । सबै ठिक्क भए पछि, फलनको आर्गुको दिन हेरम त, पाँछा परमेश्वर ? भनेर पैडीले पञ्च भलादमीसंग अनुमति लिनु पर्छ । लौ हेर हेर, भनेर म्हिक्रौंचोग र म्हिन्कुचुले आज्ञा दिए पछि पैडीले दिन हेर्छ । अनि, लौ फलन दिनमा दिन जुरेको छ, समाजले काम दिन सक्छ त, भनेर सोध्छ ? सक्छ, सक्छ, भनेर भने पछि, लौ त मैले दिन किटान गरैं है त, भनेर मृतकलाई आर्गुको सूचना दिन्छ ।

यसरी, ह्युल र समुदायको को आज्ञा लिएर फलन दिनमा फलनको आर्गु गर्ने निधो भयो भनेर, कास्कीतिर सिमीथोब भन्छन् । लमजुङतिर, यसलाई (छोँस) गर्ने भन्ने चलन रहेको छ ।

यसरी म्हिक्रौंचोगको आज्ञाले मात्र हुदैन । ह्युल समुदायको अनुमति पनि चाहिन्छ । यसरी, समुदायमा खेगी, पैडी, चोगी र म्हिनकुचुको गणपुरक संख्याबाट कर्मकाण्ड गरिने सामुदायिक परम्परा रहेको पाइन्छ । गरुङको परम्परागत सामाजिक मुल्य र मान्यताहरु यसैमा आधारित रहेका छन् ।

## ७. बिबाह (ङेच्याब):

मैले बारम्बर भन्ने गरेको छु कि, गुरुङ समुदायको परम्परागत मौलिक संस्कारहरु पुरेतवाद र कर्मकाण्डले जकडिएको संस्कार होइन । अहिले त लमले ढ्याङ्ग्रो बजाएर बिबाह गर्ने चलन चलेको छ । बास्तवमा भन्ने हो भने, गुरुङको मौलिक बिबाहमा (खेगी) उप्रेत चाहिदैन । गुरुङको बिबाह कसरी हुन्छ त ? भने, मैले अघिनै पनि भने कि, कुन भ्रुत्ताको केटी पाँचेको हो ? त्यो भ्रुत्ताको मानिसहरु घरैपिच्छे एकएक जना अनिवार्य उपस्थित हुनु पर्छ । त्यो हो गणपुरक संख्या । त्यहाँ वर्ष गाड्नु पर्यो ।

अहिले शाही ठकुरीहरुको बिबाहमा ढाल तरवार लिएर जान्छन् । तर, हाम्रो त वर्ष लिएर जानु पर्छ । वर्ष गाड्ने र मान्द्रो ओक्ष्याउने । मान्छे मर्दाखेरी मान्द्रो घोप्टो पारेर ओक्ष्याउने तर, बिबाहमा उत्तानो पारेर ओक्ष्याउनु पर्छ । मान्छे मर्दा (छ्युट) बिबाह गर्दा (ङट) बिबाह गरे पछि त जयजन्म हुन पर्यो नि । त्यो दुलहको पक्षका जतासुकै फर्कियोस । दुलही पक्षका पिडीको आडमा बस्छन् । छ सुकी दस्तुर लगाउने (क्ष्योँगीनेगी) सबै त्यहाँ राख्ने । त्यहाँ पुरेत हुदैन । अब त्यहाँ बगदान कसले बोल्ने त भन्दा, आमा बाबाले होइन । त्यो भ्रुत्ताको तालुकदारले बगदान बोल्छ । बगदान बोल्दा, आजदेखि फलनको छोरी फलन, फलनको स्वास्नी भयो । यहाँ बसेको पाँछा परमेश्वर सबैले थाहा पायो । ङ्होर्बै ताँग भनेको रह भित्रको माछाले

पनि थाहा पायो । मुर्बै निमी आकासको चराले पनि थाहा पायो भनेर बगदान बोल्छ । किनभने, अहिलेको चलन अनुसार वडामा बिबाह दर्ता चाहियो । रहदानी लिदा पनि प्रमाण चाहियो । भोली मुद्ध मामिला चलाउन पर्यो भने, त्यस समय तालुकदार, पाँछा र गाउँ समाज सबैले साक्षी सरजिमिन बोल्नु पर्ने हुन्छ । यस अर्थमा हेर्दा, त्यस समयका तालुकदार अहिलेको पञ्जिका अधिकारीको रुपमा रहेको कुरा तर्क संगत देखिन्छ । यो उहिलेको कुरा हो । त्यस समयमा पनि गुरुङहरुको शासन प्रणाली कस्तो बैज्ञानिक थियो भन्ने कुरा, उपरोक्त घट्नाहरुको अभ्यासले बलियो आधार दिन्छ ।

गुरुङ जातिको यस किसिमको बिबाह चाँहि साँचै भन्ने हो भने, अहिलेको कम्युनिस्टहरुको गणवदी बिबाह जस्तै थियो । अहिले चाँहि १३ दिन र ४५ दिन हिन्दुहरुको । ७ दिन र ४९ दिन नयाँ लामाहरुको हो । गुरुङहरुको त (रहीव्या रहीकिर्या) । बिबाह र आर्गु जहिले गरे पनि हुन्छ । कस्तो सजिलो ! अहिलेको नयाँ लामाहरुले चाँहि, ७ दिन नपुगेसम्म (च्याङबर) पोल्न हुदैन, मुर्छमा बस्छ भन्छन् । अप्ठेरो ठाउँमा पिलो आए जस्तो ? बाउ आमा र आफन्त बिमारी भए पछि बिदेशबाट अपरझटमा आउछन् । ७औं दिनमा फर्कने फ्लाइट छ । वहाँ जागिर जोगाउन फर्कनु पर्यो । बाउ मर्यो, आमा मर्यो । तर, ७ दिन नपुगेसम्म च्याङबर जलाउन हुदैन भने पछि, जकडिए बस्नु पर्यो नि ? उस्को फ्लाइट रद्द, जागिर गुम्छ, कस्तो आपत !?

परम्परागत रुपमा हेर्दा, गुरुङको तीन दिनमा जुठो उम्कन्छ । उहिलेका धनीमानी मानिसहरुले मेरो बाबा आमालाई एक दिन पनि भोको राख्दिन भनि, दाह संस्कार गरेको चिहान डाँडाबाटै, आर्गु उठाएर ल्याउछन् । तीन दिनको दिनमा त जुठो शुद्ध हुन्छ। अहिले त ७ दिन भन्दा पहिले च्याङबर पोल्न हुदैन र ४९ दिन पछि पनि कता जान्छ कता ? भनेर धार्मिक बन्देज लगाएर राखेको छ। यस अर्थमा हेर्दा, यो बन्देज व्यवहारिक देखिदैन ! के यो कुरा बुद्ध दर्शनमा आधारित हो ? वा कुनै मत वा सम्प्रदायको भनाइ हो ? यो कुरामा खुलेरै छलफल हुन आवश्यक देखिन्छ। किनभने, कुनै पनि धर्मले अव्यवहारिक परिस्थिति सृजन गर्न हुदैन। कुनै पनि धर्मले यस्तो विषम परिस्थिति सृजन गदर्छ भने, त्यो धर्मको नैतिक मुल्य र मान्यतामा सोच्नु पर्ने अवस्था हुन सक्दछ । यसमा हामीहरु सबै गम्भीर भएर सोँच्नु पर्छ ।

अहिलेको हाम्रो गुरुङ समुदायको बास्तविक अवस्था कस्तो छ भने, बैदेशिक रोजगारमा नगइकन सम्पत्ति अर्थन गर्न सकिदैन भन्ने मान्यता जकडिएको छ। हुन पनि यो कुरा सही हो। नेपालमै केही गर्छु भन्नेहरुले माखो मारेका छैन। नेपालमै केही नयाँ नौलो व्यवसाय गर्छु भन्नेहरुलाई आफन्तहरुले सरसापट र रिन पनि पत्यउदैन ! तर, अरब जान्छु भन्यो भने, तुरुन्तै सरसापट वा रिन पनि पाइहल्छ । यस्तो छ, हाम्रो समाजको सोँचाइ र बौद्धिक स्तर ?!

अब भन्नु होस् घरमा आफन्तहरु फलनको मृत्यु भयो भने पछि बिदेशबाट फर्कनु पर्यो । मोटो रकम तिरेर बिदेशमा गएको छ । अबैधानिक रुपमा बसेको छ भने, फर्कनु पनि सक्दैन ! यदि फर्कियो भने पनि इमिग्रेशनको कानुन लाग्छ । जेलनेल पनि हुन सक्दछ । कस्तो झमेला छ ? यस्तो जटिल अवस्थामा मानसिक तनाव र शक हुन पनि सक्दछ । यस विषयमा सबै गम्भिर हुनु पर्छ ।

त्यसैले, हाम्रो गुरुङ परम्परामा चलि आएको चलन अनुसार (रहीव्या रहीकिर्या) जुन समयमा अनुकुल हुन्छ, त्यही समयमा गर्न सकिन्छ । अनुकुल नभएको अवस्थामा केटाकेटी मिलेर गयो । बाआमाले पनि पछाडि राम्रो गरौला भनेर अगाडि लगाइ दियो । छ सुकी दस्तुर लगाएको छैन । तर, भित्र हजुर आमाको लास लडेर बसेको छ । अहिलेको नयाँ लामालाई त अस्योँ टाला भए पनि नभए पनि केही मतलब छैन ! अब मान्नु होस् सबै काम ठिक भयो । तर, अस्योँ क्वैँ नभइकन ख्लेपृले पढ्दैन । छ सुकी दस्तुर नलगाएकोले माइतिले पनि अस्योँक्वैँ दिदैन । भित्र लास लडिरहेको छ । बाहिरा छ सुकीको दस्तुर लगाउछ र अस्योँक्वैँ दिन्छ । रहीव्या रहीकिर्या भनेको यही हो । खेगीवाद र कर्मकाण्डमा नजकडिएको कस्तो सजिलो ? छोटो, मिठो र व्यवहारिक छ । हाम्रो मौलिक संस्कारलाई जिवन्त राख्न खेगी, पैडी, चोगी र म्हिक्रेँचोगीहरु सबैको साझा दायित्व हो । यसमा हामी चुक्न हुदैन ।